' चोथो बैठक '

आज मिति २०७९ जेष्ठ ३१ गते मंगलबारका दिन यस देवचुली नगरपालिकाको नगर प्रमुख श्री हरि प्रसाद न्यौपाने ज्यूको अध्यक्षता मा       औ कार्यपालिका बैठक बस्यो ।

**उपस्थिती**

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री हरि प्रसाद न्यौपाने | नगर प्रमुख | |
| २ | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | |
| ३ | श्री कृष्ण बहादुर के.सी | कार्यपालिका सदस्य | |
| ४ | श्री शरद प्रसाद घिमिरे | कार्यपालिका सदस्य | |
| ५ | श्री होमनाथ पौडेल | कार्यपालिका सदस्य | |
| ६ | श्री गिर बहादुर थापा क्षेत्री | कार्यपालिका सदस्य | |
| ७ | श्री कृष्ण प्रसाद सापकोटा | कार्यपालिका सदस्य | |
| ८ | श्री मिन बहादुर सोती | कार्यपालिका सदस्य | |
| ९ | श्री भुमिसरा आले | कार्यपालिका सदस्य | |
| १० | श्री नुन प्रसाद बाचे | कार्यपालिका सदस्य | |
| ११ | श्री बलिराम सापकोटा | कार्यपालिका सदस्य | |
| १२ | श्री रेप्ती कुमार घर्ति | कार्यपालिका सदस्य | |
| १३ | श्री तिलप्रसाद काफ्ले | कार्यपालिका सदस्य | |
| १४ | श्री लोक प्रसाद भुर्तेल | कार्यपालिका सदस्य | |
| १५ | श्री एकदेव पौडेल | कार्यपालिका सदस्य | |
| १६ | श्री गोपाल थापा | कार्यपालिका सदस्य | |
| १७ | श्री सुरेश कुमार रानाभाट | कार्यपालिका सदस्य | |
| १८ | श्री केशव राज गौतम | कार्यपालिका सदस्य | |
| १९ | श्री गणेश शर्मा चालिसे | कार्यपालिका सदस्य | |
| २० | श्री गोमा देवी पौडेल | कार्यपालिका सदस्य | |
| २१ | श्री मधु माया गुरुङ | कार्यपालिका सदस्य | |
| २२ | श्री फुल माया वि.क | कार्यपालिका सदस्य | |
| २३ | श्री पार्वती कंडेल | कार्यपालिका सदस्य | |
| २४ | श्री जानकी देवी गुरौ (लामिछाने) | कार्यपालिका सदस्य | |
| २५ | श्री विद्या बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २६ | श्री जय बहादुर वि.क | कार्यपालिका सदस्य | |
| २७ | श्री गिता देवी बोटे | कार्यपालिका सदस्य | |
| २८ | श्री गोविन्द सिग्देल | सदस्य सचिव | |

Scanned with CamScanner

## मिति २०७९।२।३१ मा संपन्न दोस्रो नगर कार्यपालिका बैठकमा छलफलका लागि प्रस्तुत विषयहरु

**१, भूमिहीन सुकुम्वासीहरुको जग्गा नाप नक्सा सम्वन्धमा ।**

**२, देवचुलीको वातावरण कानून स्वीकृतिको लागि सभामा पेश गर्ने सम्वन्धमा ।**

**३, स्वस्थ्यका दरवन्दी बाहिरका कर्मचारीहरु फिर्तागर्ने सम्वन्धमा ।**

**४, वडा नं. ७ को खेलमैदानलाई ८ लाखको ६० प्रतिशत रकम समपुरक गर्ने सम्वन्धमा ।**

**५, प्रधानमन्त्री रोजगार कार्यक्रमको रकम विनियोजन सम्वन्धमा ।**

**६, सुरक्षित आवास भवन निर्माण सम्वन्धमा ।**

**७, विभिन्न योजनाको रकम रकमान्तर सम्वन्धमा ।**

क) वडा नं. ४ को सि.नं.२७३ सिंचाइ कुलो मर्मत सम्भार शीर्षकमा विनियोजत रकम रु, १ लाख मध्येबाट वडा नं. ४ का विभिन्न स्थानका सडकहरुमा माटो व्यवस्थापन गर्ने गरी रकमान्तरका लागि माग भइ आएको ।

ख) वडा नं.१० को नवौं नगर सभाबाट विनियोजित पृथ्वी मा.वि. मा गेट निर्माण मा विनियोजित रकम रु, २ लाखबाट पृथ्वी मा.वि. मा कार्यालय व्यवस्थापन तथा फर्निचर खरिदमा रकमान्तर गर्ने

ग) वडा नं. २ को सि.न. ६३ मा विनियोजित नारायणी स्यालोट्युवेल सिंचाइ पाइपलाइन विस्तारमा विनियोजित रकम रु, ५ लाख मध्येबाट कृषि कुलो निर्माण ( नरवहादुर कार्कीको देख पश्चम) का लागि रु, ३ लाख ४० हजार, स्ल्याप निर्माण ( रेखा पंजियरको घर देखि पश्चिमटृी नालामा) कार्यका लागि रु, ६० हजार, मुकुन्दे खोलामा तटवन्धन ( जिताराम गुरौको घर अगाडि) कार्यमा रु, १ लाख रकमान्तर गर्ने ।

घ) वडा नं. ९ सि.नं.३७१ मा काफ्ले मिल देखि उत्तर तर्फ कालो पत्रे शीर्षकमा विनियोजित रकम रु, ९ लाख मध्ये वा.की रहन आएको रु, १ लाख बाट वडा नं. ९ को विग्रेको बाटो मर्मत कार्यमा रकमान्तर गर्ने

ङ) वडा नं. ९ को सि.नं. ३६१ मा खानेपानी गुणस्तर सुधारमा विनियोजित रु, ५० हजार सोही योजनाको खानेपानी पाइपलाईन खन्ने पुर्ने कार्यमा रकमान्तर गर्ने ।

च) स्वास्थ्य शाखाको सि.नं. ५८३ मा विनियोजित रकम मध्येबाट सेवा निवृत्त महिला स्वास्थ्य स्वयम सेविका ३ जनालाई प्रोत्साहन स्वरुप रु, ३० हजारका दरले रकम,खाजा,सम्मानपत्र र मायाको चिनो समेतका लागि रु, १ लाख १५ हजार रुपैया रकमान्तर गर्ने ।

छ) वडा नं.९ को सि.नं.३६६ मा विनियोजित व्यवसाय संचालन सहजीकरण तालिम शीर्षकमा विनियोजित रकम रु, ५० हजार र र सि.नं. ३८० मा विनियोजित घुमाउरी सामुदायिक तथा नमूना महिला सामुदयिक वन मा विनियोजित रकम रु, १ लाख मध्येबाट विपद व्यवस्थापन तथा ग्यावियन जाली खरिदका लागि रकमान्तर गरी योजना/कार्यक्रम संचालनका लागि रकमान्तर गर्ने ।

ज) वडा नं. १३ को सि.नं.४२५ मा किरीया पुत्रीभवन निर्माण शीर्षक विनियोजित रकम रु, २ लाखबाट वौलाहाखोलाको अत्यवश्यक स्थानमा तटवन्धन गर्ने कार्यमा रकमान्तर गर्ने ।

**८, खोलाजन्य सामाग्री हटाइ निर्वाध रुपमा खोलाको पानी निकास गर्ने सम्वन्धमा ।**

**९, बजेट सिलिङ उपलव्ध गराउने सम्वन्धमा ।**

Scanned with CamScanner

**मिति २०७९।२।३१ मा सम्पन्न दोस्रो नगर कार्यपालिका बैठकमा छलफल भई निर्णय भएका विषयहरु**

**निर्णय नं. १,**

प्रस्ताव नं. १ उपर छलफल गर्दा राष्ट्रिय भूमि आयोगबाट यस नगरपालिका क्षेत्रभित्रका भूमि हीन सुकुम्वासी, भूमिहीन दलित र अव्यवस्थित वसोवासीहरुलाइ कानून बमोजिम जग्गा उपलब्ध गराउने सम्वन्धमा यस नगरपालिकाबाट आवश्यक जनशक्ति व्यवस्थापन गरिएकोले राष्ट्रिय भूमिआयोग तथा छिमेकी नगरपालिकाहरुसंग समेत समन्वय गरी सिफारिस भएका अमिन कर्मचारीहरुलाइ तत्सम्वन्धी विषयको तालिम उपलव्ध गराई कार्य प्रकृया थालनी गरी निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. २,**

प्रस्ताव नं. २ उपर छलफल गर्दा विधायन समितिबाट दफावार छलफल भइ नगर कार्यपालिकामा पेश हुन आएको देवचुली नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक २०७९ आगामी नगर सभामा स्वीकृतिका लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३,**

प्रस्ताव नं. ३ उपर छलफल गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं.२३०६ मिति २०७८।११।२९ को पत्रानुसार दरवन्दी भन्दा वढी कार्यरत रहेको स्थानीय तहमा दरवन्दी भन्दा वढी संख्याका स्थ्यकर्मीहरुलाइ स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट तलब भत्ता उपलब्ध गराउन नसकिने भनी जानकारी प्राप्त हुन आएको र निजहरुलाइ यस नगरपालिकाबाट तलव भत्ता वापतको रकम थप व्ययभार गर्न नसकिने अवस्था रहेको कारण मिति २०७८।१२।१ को श्रीमान् नगर प्रमुखस्तरीय निर्णय अनुसार निजहरुलाइ स्वास्थ्य तथा जनसख्या मन्त्रालयमा फाजिल पद मिलान कार्यमा सम्पर्क राख्न पठाईएकोमा निजहरुको लिखित अनुरोधमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयवाट तलव भत्ता निकासा भए पश्चात पारिश्रमिक  दिने गरी स्थानीय निर्वाचन अवधिसम्मका लागि हाजिर गराइ कामकाजमा लगाइएकोमा तालुक निकायवाट हालसम्म तलव-भत्ता उपलब्ध हुन नसकेकोले स्वीकृत दरवन्दी बाहिर कार्यरत अ.न.मि. २ र वैद्य १ समेत जम्मा ३ जना स्वास्थ्यकर्मीहरुलाइ स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा फिर्तागर्ने निर्णय गरियो ।

**निर्णय नं. ४,**

प्रस्ताव नं. ४ उपर छलफल गर्दा संघीय सरकार युवा तथा खेलकुद मन्त्रालयबाट यस नगरपालिका क्षेत्रको वडा नं. ७ सेण्टर प्लट खेलमैदानका लागि उपलब्ध हुन आएको चालु आ.व.२०७८/०७९ को रकम रु, ८ लाखमा यस नगरपालिकाबाट समपुरक गर्नुपर्ने रकम रु, १२ लाख सम्वन्धित शीर्षकबाट समपुरक गरी नियमानुसार निर्माण कार्य प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

Scanned with CamScanner

## निर्णय नं. ५,

प्रस्ताव नं. ५ उपर छलफल गर्दा चालु आ.ब. २०७८/०७९ का लागि यस कार्यालयमा प्राप्त हुन आएको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगतको रकम रु, २६ लाख मध्येबाट सम्वन्धित सूचिमा सूचिकृत बेरोजगार जनशक्तिबाट चालु आ.व. भित्रै प्रचलित कानून अनुसार खर्च गर्नेगरी निम्नानुसारका वडाहरुलाइ निम्नानुसार रकम उपलब्ध गराउने निर्णय गरियो ।

| सि.नं | वडा नं. | रकम रु, | सि.नं. | वडा नं. | रकम रु, |
|---|---|---|---|---|---|
| १ | ४ | ९,००,०००।- | ६ | १० | १,००,०००।- |
| २ | ६ | ४,००,०००।- | ७ | ११ | १,००,०००।- |
| ३ | ७ | १,००,०००।- | ८ | १२ | २,००,०००।- |
| ४ | ८ | २,००,०००।- | ९ | १४ | ३,००,०००।- |
| ५ | ९ | १,००,०००।- | १० | १७ | २,००,०००।- |

## निर्णय नं. ६,

प्रस्ताव नं. ६ उपर छलफल गर्दा यस नगर कार्यपालिकाको मिति २०७८।२।१७ को निर्णय नं. ४ बमोजिम चालु आ.व. का लागि संघीय सरकार विशेष अनुदान शीर्षक अन्तरगत अति विपन्न वोटे,माझि,मुसहर वस्तीमा सुरक्षित आवास शीर्षकमा विनियोजित रकम मध्येबाट वडा नं २ का लागि छुट्याइएको ४ बटा सुरक्षित भवन निर्माणका सन्दर्भमा २ नं. वडा कार्यालयबाट आगामी आर्थिक वर्षका लागि बजेट व्यवस्था हुने गरी हाललाइ अन्यत्र वडामा भवन निर्माणका लागि सहमती प्राप्त भए अनुसार वडा नं. १, वडा नं. १३, वडा नं. १५ र वडा नं. १७ मा सम्वन्धित वडाको सिफारिस बमोजिम १/१ वटा भवनहरु थप गरी विशेष अनुदान रकम शीर्षकबाट सुरक्षित भवन निर्माण गर्ने निर्णय गरियो ।

## निर्णय नं. ७,

प्रस्ताव नं. ७ उपर छलफल गर्दा चालु आ.व. मा विभिन्न कारणबाट संचालन हुन नसकेको तपसिल अनुसारका योजना/कार्यक्रमहरु सम्वन्धित वडाको सिफारिस अनुसार आगामी नगरसभाबाट समर्थन हुने गरी योजना/कार्यक्रमका रकम रकमान्तर गर्ने निर्णय गरियो ।

क) वडा नं. ४ को सि.नं.२७३ सिंचाइ कुलो मर्मत सम्भार शीर्षकमा विनियोजत रकम रु, १ लाख मध्येबाट वडा नं. ४ का विभिन्न स्थानका सडकहरुमा माटो व्यवस्थापन गर्ने गरी रकमान्तरका गर्ने ।

ख) वडा नं.१० को नवौं नगर सभाबाट विनियोजित पृथ्वी मा.वि. मा गेट निर्माण मा विनियोजित रकम रु, २ लाखबाट पृथ्वी मा.वि. मा कार्यालय व्यवस्थापन तथा फर्निचर खरिदमा रकमान्तर गर्ने ।

ग) वडा नं. २ को सि.न. ६३ मा विनियोजित नारायणी स्यालोट्युवेल सिंचाइ पाइपलाइन विस्तारमा विनियोजित रकम रु, ५ लाख मध्येबाट कृषि कुलो निर्माण ( नरवहादुर कार्कीको घर देखि पश्चम) का लागि रु, ३ लाख ४० हजार, स्ल्याप निर्माण ( रेखा पंजियरको घर देखि पश्चिमपट्टी नालामा) कार्यका लागि रु, ६० हजार, मुकुन्दे खोलामा तटवन्धन ( जिताराम गुरौको घर अगाडि) कार्यमा रु, १ लाख रकमान्तर गर्ने ।

गोविन्द सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

घ) वडा नं. ९ सि.नं.३७१ मा काफ्ले मिल देखि उत्तर तर्फ कालो पत्रे शीर्षकमा विनियोजित रकम रु, ९ लाख मध्ये वा.की रहन आएको रु, १ लाख बाट वडा नं. ९ को विग्रेको बाटो मर्मत कार्यमा रकमान्तर गर्ने ।

ङ) वडा नं. ९ को सि.नं. ३६१ मा खानेपानी गुणस्तर सुधारमा विनियोजित रु, ५० हजार सोही योजनाको खानेपानी पाइपलाईन खन्ने पुर्ने कार्यमा रकमान्तर गर्ने ।

च) स्वास्थ्य शाखाको सि.नं. ५८३ मा विनियोजित रकम मध्येबाट सेवा निवृत्त महिला स्वास्थ्य स्वयमसेविका ३ जनालाई प्रोत्साहन स्वरुप रु, ३० हजारका दरले रकम,खाजा,सम्मानपत्र र मायाको चिनो समेतका लागि रु, १ लाख १५ हजार रुपैया रकमान्तर गर्ने ।

छ) वडा नं. ९ को सि.नं.३६६ मा विनियोजित व्यवसाय संचालन सहजीकरण तालिम शीर्षकमा विनियोजित रकम रु, ५० हजार र र सि.नं. ३८० मा विनियोजित घुमाउरी सामुदायिक तथा नमूना महिला सामुदयिक वन मा विनियोजित रकम रु, १ लाख मध्येबाट विपद व्यवस्थापन तथा ग्यावियन जाली खरिदका लागि रकमान्तर गरी योजना/कार्यक्रम संचालनका लागि रकमान्तर गर्ने ।

ज) वडा नं. १३ को सि.नं.४२५ मा किरीया पुत्रीभवन निर्माण शीर्षकमा विनियोजित रकम रु, २ लाखबाट बगुई खोलाको अत्यवश्यक स्थानमा तटवन्धन गर्ने कार्यमा रकमान्तर गर्ने ।

झ) वडा नं. ७ का नवौं नगर सभाबाट भिमसेन मा.वि.मा अन्डर ग्राउन खानेपानी टंकी निर्माणका लागि विनियोजित रकम रु, १ लाखबाट हाल उक्त कार्य सम्पन्न हुन नसक्ने देखिएकोले उक्त रकम भिमसेन मा.वि.भवनमा खानेपानी व्यवस्थापन कार्यका लागि र सि.नं. ३११ मा विनियोजित रकम रु, ५० हजार सीतावास नहरबाटो शाखा अन्तरगत अपुरो नहर पक्की गर्ने कार्यमा रकमान्तर गर्ने ।

## निर्णय नं. ८ ,

प्रस्ताव नं. ८ उपर छलफल गर्दा यस नगरपालिका क्षेत्रभएर बग्ने लोकाहा खोला, देउसद खोला, बौलाहा खोला, मुकुन्दे खोला र झगरी खोला, बगुइ खोलाका विभिन्न स्थानमा खोलाजन्य सामाग्रीहरु थुप्रिन गइ वर्षादको समयमा भेल आउदा निर्वाधरुपमा खोला बग्न नपाइ खोलाले धार परिवर्तन गरी खेतीयोग्य जमिनको कटान,मानव वस्ती, सडक लगायत भौतिक संरचना समेतमा क्षति पुऱ्याउन सक्ने सम्भवित जोखिमलाई न्यूनीकरण गर्नुपर्ने देखिएकोले नगरस्तरीय वन वातावरण तथा विपद व्यवस्थापन समितिको सिफासिरमा तत्काल मेसिन उपकरण प्रयोग गरी खोलाजन्य सामाग्रीको दुरूपयोग नगरी खोलाको दायांवायां किनारामा पन्छाइ बर्षादको पानी निर्वाधरूपमा बग्न सक्ने व्यवस्था मिलाउनका लागि माग भइआएकोले तत्सम्वन्धी कार्यमा आवश्यक परे अन्य निकायसंग समन्वयगरी तत्काल खोला निर्वाधरूपले बग्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख

## निर्णय नं. ९,

प्रस्ताव नं. ९ उपर छलफल गर्दा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६६ अनुसार स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट सिफारिस भइ आए अनुसार आगामी आ.व.२०७९/८० का लागि संलग्न बिवरण अनुसारको बजेट तालिका कार्यपालिका वैठकमा पेश भइ छलफल गर्दा नगरपालिकाको विषयगत शाखाहरु लगायत नगरपालिका क्षेत्रका १ देखि १७ वडासम्मका लागि बजेट शिलिङको परिधिभित्र रही माग संकलनका क्रममा अत्यवश्यक देखिएका योजना/कार्यक्रमहरु आ-आफ्नो वडा समितिबाट प्राथमिकताका आधारमा निर्णय गरी तोकिएको ढाँचामा २०७९ असार ५ गते भित्र नगरपालिका कार्यालयमा पेशगर्ने/गर्न लगाउने निर्णय गरियो ।

### आ.ब.२०७९/०८० का लागि देवचुली नगरपालिकाबाट वडाहरूका लागि तोकिएको बजेट सिलिङ रकम

| वडा नं. | बजेट शिलिङ रकम | वडा नं. | बजेट शिलिङ रकम | वडा नं. | बजेट शिलिङ रकम |
|---|---|---|---|---|---|
| वडा नं. १ | ४१,००,०००।- | वडा नं. ७ | ३६,००,०००।- | वडा नं. १३ | ४८,००,०००।- |
| वडा नं. २ | ३२,००,०००।- | वडा नं. ८ | ३१,००,०००।- | वडा नं. १४ | ४६,००,०००।- |
| वडा नं. ३ | ३१,००,०००।- | वडा नं. ९ | ४६,००,०००।- | वडा नं. १५ | ४६,००,०००।- |
| वडा नं. ४ | ४६,००,०००।- | वडा नं. १० | ४१,००,०००।- | वडा नं. १६ | ९०,००,०००।- |
| वडा नं. ५ | ४१,००,०००।- | वडा नं. ११ | ४६,००,०००।- | वडा नं. १७ | १,०१,००,०००।- |
| वडा नं. ६ | ३४,००,०००।- | वडा नं. १२ | ३६,००,०००।- | १-१७ को जम्मा | ७,९२,००,०००।- |

अरविन्द सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख

Scanned with CamScanner